




# युरोपा लिगः म्यानचेस्टर युनाइटेड र अजाक्स फाइनलमा



म्यानचेस्टर, १२ मई

खेलको अन्त्यतिर गोलको खतराबाट बच्दै इङ्गलिस क्लब म्यान्चेस्टर युनाइटेड युरोपा लिगको फाइनलमा प्रवेश गरेको छ।

स्पेनिस क्लब सेल्टा भिगोलाई १-१ को बराबरीमा रोक्दै समग्रमा २-१ को जीत दर्ता गर्दै युनाइटेडले फाइनलमा डच जायन्ट आयाक्ससँगको भिड्न्तको पक्का गरेको हो।

पहिलो लेगमा १-० को अग्रता बनाएको युनाइटेडले मारुयेन फेलानीको गोलको सहयोगले खेलमा नियन्त्रण बनाएको थियो।

मार्कस रासफोर्डको पासमा खेलको १७ औं मिनेटमा गोल गर्दै फेलानीले युनाइटेडलाई आफ्नो घरेलु मैदानमा अग्रता दिलाएका थिए। तर, अन्त्यतिर फाकुन्डो रोन्काग्लियाले गोल गरेपछि खेल निकै रोमाञ्चक बनेको थियो।

त्यसपछि दुई टोलीका खेलाडीहरु बीच झगडा हुँदा रोन्काग्लिया र युनाइटेडका एरिक बेलीले रातो कार्ड पाएका थिए।

खेलको अन्तिम प्रहारको रुपमा सेल्टाका स्ट्राक्यर जोन गुइडेटीले गोल गर्ने अवसर चुकेपछि मात्र युनाइटेडको जीत सुनिश्चित भएको थियो।

जीतसँगै युनाइटेड पहिलो पटक युरोपा लिगको फाइनलमा प्रवेश गर्दै च्याम्पियन्स लिगमा स्वतः प्रवेश पाउने सम्भावना कायम राखेको छ। अब युनाइटेडले २४ मईमा स्टोकहोममा आयाक्सको सामना गर्दैछ।

उता, आयाक्सले पनि लियोनको पुनरागमनलाई रोक्दै फाइनलको यात्रा तय गऱ्यो। सन् १९९६ पछि युरोपियन प्रतियोगिताको फाइनलमा आयाक्स पुगेको यो पहिलो अवसर हो। कास्पर डोल्बर्गले गोल गरेपछि डच टोलीले खेलमा ५-१ को समग्र अग्रता बनाएको थियो।

तर, अलेक्जान्डर लाकाजेटेको दुई तथा राचिड गेजेलको एक गोलको सहयोगले लियोनलाई खेलमा फर्कने आशा मिलेको थियो। अझ निक भियरगेभेरले रातो कार्ड पाएपछि आयाक्स १० खेलाडीमा सिमित बनेको थियो।

तर, त्यसपछि लियोनले पाएको थुप्रै अवसर सदुपयोग गर्न नसक्दा ३-१ को जीत हासिल गरे तापनि आयाक्सले खेल समग्रमा ५-४ ले आफ्नो पक्षमा पार्न सफल रह्यो।

# एग्युनी बउचार्ड म्याड्रिड ओपनको क्वार्टरफाइनलमा

म्याड्रिड, १२ मई

रसियन टेनिस सुन्दरी मारिया सारोपोभामाथि आलोचनात्मक टिप्पणी गरेर चर्चामा आएकी क्यानेडियन टेनिस खेलाडी एग्युनी बउचार्ड म्याड्रिड ओपनको क्वार्टरफाइनलमा प्रवेश गरेकी छिन्। बउचार्डले विश्व नम्बर दुई एन्जिलिकी केर्वरलाई हराएर अन्तिम आठमा स्थान पक्का गरेकी हुन्।

जर्मन खेलाडी केर्वरले खेल बीचमै त्यागेपछि बउचार्ड विजयी भएकी थिइन्। त्यसअघि बउचार्डले पहिलो सेट ६-३ ले जित्दै विजयी सुरुवात गरेकी थिइन्। दोस्रो सेटमा बउचार्ड ५-० ले अघि रहेको अवस्थामा केर्वरले तिघ्राको समस्याका करण खेल त्यागेकी थिइन्। यसअघि बउचार्डले सारापोभालाई हराएर दोस्रो चरणमा केर्वरसँगको भेट पक्का गरेकी थिइन्। सारापोभालाई पराजित गरेपछि बउचार्डले 'चिटर' (ठग) को संज्ञा दिएकी थिइन्। बउचार्डले डोपिङमा दोषी ठहर गरेपछि १५ महिनाको प्रतिबन्धमा परेकी सारापोभालाई थोरै सजाय दिएको भन्दै आजीवन प्रतिबन्ध लगाउनुपर्ने बताएकी थिइन्।

अब सेमिफाइनल प्रवेशका लागि बउचार्डले रसियन खेलाडी स्लेभेत्लाना कुज्नेत्सोभासँग प्रतस्पिर्धा गर्नेछिन्। कुज्नेत्सोभाले चीनकी जियाङ वाङलाई २-० को सोझो सेटमा हराएर अन्तिम आठमा स्थान पक्का गरेकी हुन्। कुज्नेत्सोभाले वाङलाई पहिलो सेटमा ६-४ ले हराउँदा दोस्रो सेट ७-५ ले आफ्नो पक्षमा पारेकी थिइन्। तेस्रो वरीयताकी सिमोना हेलेपले पनि क्वार्टफाइनलमा स्थान पक्का गरेकी छिन्। सिमोनाले साम स्टोटुरलाई माथि ६-४, ४-६ र ६-४ को जित निकाल्दै अघिल्लो चरणमा स्थान बनाएकी हुन्।

रोमानियाकी स्टोसुरले अब अमेरिकाकी कोको भन्डेरवाघेसँग प्रतिस्पर्धा गर्नेछिन्। कोकोले अन्तिम आठमा स्थान बनाउन स्पेनकी कार्ला सुआरेज नोभारोलाई ५-७, ६-४ र ७-५ ले हराइन्। अर्को क्वार्टरफाइनलमा क्रिस्टिना लडेनोभिक र सोराना क्रिस्टीबीच प्रतिस्पर्धा हुने भएको छ।



# च्याम्पियन्स लिगमा रियल मड्रिड र युभेन्टसको इतिहास यस्तो



मड्रिड, १२ मई

यो वर्षको च्याम्पियन्स लिग फुटबल अब उपाधि होडको उत्कर्षमा पुगको छ। साबिक विजेता रियल मड्रिड र युभेन्टसले कार्डिफ यात्रा तय गरेका छन्। रियल मड्रिड घरेलु प्रतिस्पर्धी एथ्लेटिको मड्रिड तथा युभेन्टस मोनाकोलाई पाखा लगाउँदै आउँदो जुन तीनमा कार्डिफमा हुने फाइनलका लागि स्थान पक्का गरेका हुन्। रियल मड्रिड योसहित कीर्तिमानी १५ पटक फाइनलमा पुगेको हो। उसले यसअघि भएका १४ फाइनलमा ११ पटक जितेर उपाधि जतेको छ।

यस्तै अहिलेसम्म ९ पटक फाइनलमा पुगेको युभेन्टस यसअघिका ८ फाइनलमा दुई पटक जितेको छ। उ ६ पटक फाइनलमा पराजित भएको छ। यो फाइनल हारमा कीर्तिमान हो। रियल मड्रिड र युभेन्टस गरेर समग्रमा यसअघि २२ पटक फाइनल खेलेका छन्।

**युभेन्टसको यसअघिका फाइनल**

- सन् १९७२/७३: युभेन्टसको यो पहिलो फाइनल हो। यसमा अजाक्ससँग १-० ले परातिज भएर युभेन्टस उपविजेतामा सीमित भयो।

- सन् १९८२/८३: क्लबको दोस्रो फाइनल यात्रामा पनि युभेन्टस पराजित भयो। युभेन्टस ह्यामबर्गसँग १-० ले पराजित भएर उपविजेतामा सीमित भयो।

- सन् १९८४/८५: युभेन्टसले यसपटक भने उपाधि जित्यो। लिभपुरसँगको खेलमा ५६ औं मिनेटमा मिचेल प्लाटिनीले गोल गर्दै युभेन्टसलाई उपाधि दिलाए।

- सन् १९९५/९६: अजाक्ससँगको यो फाइनलमा युभेन्टसको दोस्रो भेट थियो। यसपटक निर्धारित र थप गरिएको समयमा १-१ को बराबरी भएपछि खेलको निर्णय टाइब्रेकरबाट लिइएको थियो। जसमा युभेन्टसले ४-२ को जीत निकाल्दै उपाधि जित्यो।

- सन् १९९६/९७: लगातार दोस्रो सिजन फाइनलमा पुगेको युभेन्टस यसपटक भने बोरुसिया डर्टमुण्डसँग ३-१ ले परातिज भयो।

- सन् १९९७/९८: लगातार तेस्रो सिजन फाइनल पुगेको युभेन्टस यसपटक रियल मड्रिडसँग १-० ले पराजित भयो।

- सन् २००२/०३: यो पटक अर्को इटालियन क्लब एसी मिलानसँग युभेन्टसले फाइनल खेल्यो। निर्धारित र थप गरिएको समयमा गोल रहित बराबरी भएपछि खेलको निर्णय टाइब्रेकरबाट लियो। त्यसमा मिलान ३-२ ले विजयी भयो।

- सन् २०१४/१५: पछिल्लो पटक युभेन्टस बार्सिलोनासँग फाइनलमा पराजित भयो। बार्सिलोनासँग ३-१ ले हारेर उ उपविजेतामा सीमित भयो।

**रियल मड्रिडको यसअघिका फाइनल**

- सन् १९५५/५६: रियल मड्रिड पहिलो पटक फाइनलमा पुगेको हो। युरोयिन कपको फाइनलमा रियल मड्रिडले रिइम्सलाई ४-३ ले हराएर उपाधि जित्यो।

- सन् १९५६/५७: लगातार दोस्रो पटक फाइनलमा पुगेको रियल मड्रिडले इटालियन क्लब फियोरेन्टिनालाई २-० ले हराएर उपाधि जित्यो।

- सन् १९५७/५८: लगातार तेस्रो पटक फाइनलमा पुगेको रियल मड्रिडले यसपटक इटालीयन क्लब एसी मिलानलाई अतिरिक्त समयमा ३-२ ले हराएर उपाधि जित्यो।

- सन् १९५८/५९: लगातार चौथो पटक फाइनलमा पुगेको रियल मड्रिडले यसपटक रिइम्सलाई २-० ले हराएर उपाधि जित्यो।

- सन् १९५९/६०: लगातार पाँचौं पटक फाइनल पुगेको रियलले यसपटक फ्र्याँकफर्टलाई ७-३ ले हराएर उपाधि जित्यो।

- सन् १९६१/६२: यसपटक भने रियल मड्रिड पराजित भयो। रियल बेन्फिकासँग ५-३ ले पराजित भएर उपविजेतामा सीमित भयो।

- सन् १९६३/६४: यसपटक पनि रियल मड्रिडले जित्न सकेन। इटालियन क्लब इन्टर मिलानसँग ३-१ ले पराजित भयो।

- सन् १९६५/६६: यसपटक फेरि रियल मड्रिडले जित्यो। पार्टिजनलाई २-१ ले हराएर रियलले उपाधि जितेको हो।

- सन् १९८०/८१: यो पटक रियल मड्रिड लिभरपुलसँग १-० ले पराजित भयो।

- सन् १९९७/९८: यसपटक रियल मड्रिडले युभेन्टसलाई १-० ले हराएर उपाधि जित्यो।

- सन् १९९९/२०००: यो पटक घरेलु प्रतिस्पर्धी भ्यालेन्सियालाई ३-० ले हराएर रियल मड्रिडले उपाधि जित्यो।

- सन् २००१/०२: यो पटक रियल मड्रिडले बार्यर लेभरकुसनलाई २-१ ले हराएर उपाधि जित्यो।

- सन् २०१३/१४: पहिलो पटक उही शहरका क्लबबीच फाइनल भयो। अतिरिक्त समयमा एथ्लेटिको मड्रिडलाई ४-१ ले हराएर रियल मड्रिडले उपाधि जित्यो।

- सन् २०१५/१६: यसपटक पनि फाइनलमा मड्रिड डर्बी नै भयो। निर्धारित तथा थप गरिएको समयमा १-१ को बराबरी भएपछि खेलको निर्णय टाइब्रेकरबाट लिइयो। त्यसमा रियल मड्रिड ५-३ ले विजयी भयो।

# बायर्नको स्तर

## लगातार पाँचौं सिजन जर्मन बुन्डेस लिगामा च्याम्पियन भए पनि बायर्न म्युनिखको सिजन सार्थक भयो कि भएन?

लण्डन, १२ मई

युरोपेली फुटबलमा रियल म्याड्रिड र बार्सिलोनासँग दाँजिने टीम हो बायर्न म्युनिख। यो जर्मन क्लबले घरेलु बुन्डेस लिगामा एकछत्र राज गर्दै आएको छ र महादेशीय च्याम्पियन्स लिगमा पनि उत्कृष्ट प्रदर्शन गरिरहेको छ। त्यसैले बायर्नका लागि जुनसुकै प्रतियोगितामा पनि मुख्य लक्ष्य ट्रफी चुम्ने नै हुने गरेको छ।

यसपल्ट बायर्नले तीन खेल बाँकी छँदै बुन्डेस लिगको उपाधि कब्जा गऱ्यो। जर्मन महारथी लगातार पाँचौं सिजन घरेलु लिगमा च्याम्पियन भएको हो। च्याम्पियन भएपछि पहिलो खेलमा बायर्न डार्म्सटाडलाई शनिवार १-० ले हरायो। अहिले बायर्नको हट-सिटमा इटालियन लिजेन्ड कार्लो एन्सेलोटी छन्। म्युनिखमा पहिलो सिजन नै ट्रफी चुमेका उनले प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीतर्फ लागेका पेप ग्वार्डिओलाको स्थान लिएका हुन्।

एक सय १७ वर्ष पुरानो क्लब बायर्न कीर्तिमान २७ औंपल्ट बुन्डेस लिगा च्याम्पियन भएको हो। उसको रेकर्ड बराबरी गर्न पनि अरूले कम्तिमा १८ पल्ट उपाधि जित्नुपर्नेछ। बायर्नपछि सर्वाधिक सफल क्लब नुरेम्बर्ग हो। नौपल्ट च्याम्पियन रहेको उसले अहिले दोस्रो डिभिजन लिग खेलिरहेको छ। जर्मनको घरेलु फुटबलका बायर्नलाई कडा चुनौती दिइरहेको बोरुसिया डर्टमुन्डले बुन्डेस लिगाको उपाधि आठपल्ट जितेको छ। यो सिजन बायर्नलाई पछ्याएको रेडबुल लेपजिग त उसका सामु बच्चा नै मान्नुपर्छ। पहिलोपल्ट उच्च श्रेणीका लिगमा सहभागी हुँदै उसले बायर्नलाई चुनौती दिने 'दुस्साहस' गऱ्यो।

स्पेनी प्रशिक्षक ग्वार्डिओलाले बायर्नमा तीन सिजन बिताएका थिए। उनले तीनै सिजन बायर्नलाई बुन्डेस लिगा र जर्मन कप च्याम्पियन बनाएका थिए। र, तीनपल्ट नै बायर्नलाई च्याम्पियन्स लिगको फाइनल पनि पुऱ्याएका थिए। तर, यो सिजन एन्सेलोटीले सम्हालेको टीमलाई जर्मन कपको सेमिफाइनलमा चिरपरिचित प्रतिद्वन्द्वी बोरुसिया डर्टमुन्डले हराइदियो। बायर्न घरेलु मैदान आलियन्ज एरिनामा नै डर्टमुन्ड र रियल म्याड्रिडसँग हारेको थियो।

बर्नाबाउमा ९० मिनेटमा जित हात पारेर पनि अतिरिक्त समयमा क्रिस्टियानो रोनाल्डो हिरो बनेपछि रियलले च्याम्पियन्स लिगमा बायर्नको यात्रा क्वाटरफाइनलमा टुंग्याइदिएको थियो। त्यसको आठ दिनभित्र बायर्नले बुन्डेस लिगाको उपाधि जितेको थियो। यो सिजन एउटा मात्र उपाधिमा सीमित भएपछि बायर्नका लागि त्यति राम्रो मानिएको छैन। क्लब फुटबलको विश्वकै सर्वाधिक लोकप्रिय प्रतियोगिता च्याम्पियन्स लिगमा अन्तिम आठबाटै बाहिरिनु र जर्मन कपमा उपाधि जोगाउने अवसर गुमाउनुले बायर्न फ्यानलाई चिन्तित बनाएको छ।

युभेन्ट्स, एसी मिलान, चेल्सी पीएसजी, रियल म्याड्रिडको बागडोर सम्हालिसकेका एन्सोलोटीका लागि आउने सिजन अझ गाह्रो हुन सक्छ किनभने पाँचपल्टको युरोपेली च्याम्पियन टीममा यो सिजन मुख्य योगदान 'बूढा' खेलाडीहरूको रह्यो। कप्तान फिलिप लहाम ३४ र डिफेन्सिभ मिडफिल्डर जाभी अलोन्सो ३५ वर्षका छन्। दुवैले यो सिजनको अन्त्यसँगै संन्यास लिने घोषणा गरिसकेका छन्। दुवै खेलाडीलाई सजिलै विस्थापित गर्ने खेलाडी टीममा छैनन्। फ्र्यांक रिबेरी ३३, आर्जेन रोबेन ३४, गोलकिपर म्यानुएल नोय ३१ वर्षमा छन्। बढ्दो उमेरसँगै रिबेरी र रोबेनको खेल पनि घट्न सक्छ।

अप्रेलमा नोय घाइते रहँदा बायर्नले पाँच खेल गुमाएको थियो। पोलिस फरवार्ड रोबर्ट लेवन्डोब्स्कीले पनि वार्षिक १ करोड ६३ लाख अमेरिकी डलर तलबलाई न्याय गरे। उनले बुन्डेस लिगामा यो सिजनकै सर्वाधिक २८ गोल गरेका छन्। डर्टमुन्डका पियरे-एमरिक अउबमेयाङले पनि उति नै गोल गरेका छन्। लेवन्डोब्स्कीले सबै किसिमका प्रतियोगितामा यो सिजन ४१ गोल गरेका छन्।

अर्तुरो भिदाल, जेरोमे बोएटेङ, डेविड अलाबाको प्रदर्शन पनि उच्चस्तरको रह्यो। युवा खेलाडीहरू जोसुआ किमिच, किङ्सले कोम्यान, रेनाटो सान्चेजले भने अपेक्षाकृत राम्रो खेल देखाउन सकेनन्। उनीहरूसँगै जाभी मार्टिनेज, थियागो अल्कान्टारा, डगलस कोस्टा, राफिन्हमा बायर्नको सफलता निर्भर हुनेछ। एन्सोलिटीलाई कम्तीमा ग्वार्डिओलाको सफलता (डोमेस्टिक डबल) दिलाउने चुनौती छ। त्यसपछि मात्र उनीसँग जुप हेन्केसको सफलता दोहोऱ्याउने अपेक्षा गर्न सकिन्छ।

# किन माउरिन्होले प्रिमियर लिगभन्दा युरोपा लिगलाई महत्व दिए?

लण्डन, १२ मई

इङ्गलिस प्रिमियर लिगको शीर्ष ४ स्थान बनाउन संघर्षरत् म्यानचेस्टर युनाइटेडले युरोपा लिगलाई दिएको महत्वलाई प्रशिक्षक जासे माउरिन्होले सामान्य कुरा बताएका छन्। युनाइटेडले युरोपा लिगको सेमिफाइनलअन्तर्गत पहिलो लेगको 'अवे' खेलमा सेल्टा भिगोविरुद्ध १-० को अग्रता बनाइसकेको छ।

आज राति १२ बजेर ४५ मिनेटमा युनाइटेडले घरेलु ओल्ड ट्राफोडमा दोस्रो लेग खेल्दैछ। पहिलो लेगमा अग्रता बनाएका कारण आज इङ्गलिस क्लबको फाइनल प्रवेश गर्ने सम्भावना बलियो छ। माउरिन्हो व्यस्त खेल तालिकाका कारण प्रतियोगितालाई महत्व दिनु अनिवार्य भएको बताउँछन्। 'सात सातामा १७ वटा खेल खेल्नु असम्भव कुरा हो। यो जुवा होइन, परिस्थितिको उपज हो,' उनले भने, 'यो समान्य निर्णय हो, परिस्थितिलाई मूल्याङ्कन गरेर लिएको।' युरोपा लिगको विजेताले आउँदो च्याम्पियन्स लिगमा स्वत स्थान बनाउने प्रावधान छ। यस्तै, प्रिमियर लिगको शीर्ष ४ क्लबले पनि च्याम्पियन्स लिग खेल्न पाउँछन्। तर, यतिबेला रेड डेभिल्स लिगको छैटौं स्थानमा झरेको छ।

गत राति आर्सनलले २-० ले साउथहाम्पटनलाई पराजित गरेपछि युनाइटेड छैटौं स्थानमा झरेको हो। चौथो स्थानमा रहेको म्यानचेस्टर सिटीभन्दा युनाइटेड ४ अंकले पछाडि छ। यस्तो अवस्थामा म्यानचेस्टरलाई शीर्ष ४ स्थानमा उक्लिन निकै गाह्रो छ। पोर्चुगिज प्रशिक्षक माउरिन्हो युरोपा लिग जितेर युनाइटेडले च्याम्पियन्स लिगमा स्थान बनाउने मौका बलियो रहेकोमा विश्वस्त छन्।

माउरिन्होले आजको खेलका लागि वायने रुनीलाई पुनः टीममा फर्काएका छन्। माउरिन्होले गत आइतवार आर्सनलसँग पराजय भोगेको खेलमा ८ खेलाडी परिवर्तन गरेका थिए। यही खेलमा युनाइटेडको २५ अपराजित खेलको यात्रामा पूर्णविराम लागेको थियो। माउरिन्होले युरोपा लिगकै लागि यति ठूलो संख्यामा खेलाडी परिवर्तन गरेका थिए।